

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन २२ गते मंगलबार ❑ 5 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## चार राजनीतिक दलबीच आठबुँदे सहमति

**रासस**
काठमाडौं, २१ फागुन

नवगठित सत्ता गठबन्धनका चार राजनीतिक दलबीच आठबुँदे सहमति भएको छ । नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी र जनता समाजवादी पार्टीबीच सरकारमा सहकार्य गर्नेसहित विभिन्न आठवटा बुँदामा सहमति भएको छ ।

सुशासन, विकास, सामाजिक न्याय र समृद्धिका प्रश्नमा समान सोच राख्ने दलहरूका बीचमा सहकार्य आवश्यक रहेको महसुस गरी चार दलको सहभागितामा नयाँ संयुक्त सरकार गठन गर्ने र सरकारको नेतृत्व नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गर्ने सहमति भएको छ ।

रिक्त रहेको राष्ट्रियसभाको अध्यक्षमा नेकपा (माओवादी केन्द्र) का उम्मेदवार र उपाध्यक्षमा नेकपा (एमाले) का उम्मेदवारलाई समर्थन गर्ने सहमति पनि चार दलले गरेका छन् ।

त्यसैगरी, सरकारमा सहभागी भएका दलहरूका बीचमा आपसी सहमतिमा मन्त्रालय बाँडफाँट गर्ने सहमति भएको छ । त्यसरी बाँडफाँट गर्दा मन्त्रालयको विशेषताका आधारमा वर्गीकरण गरी मिलाउने र नयाँ संयुक्त सरकार गठन प्रक्रियामा सहभागी हुन अन्य दलहरूसँग पनि आवश्यक संवाद अघि बढाउने सहमति भएको छ । सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक, शान्ति प्रक्रिया र देशमा स्थायी शान्ति कायम गर्नका लागि यससँग सम्बन्धित अन्य विषयहरू सहमतिका आधारमा अविलम्ब टुङ्ग्याउने सहमति पनि चार दलबीच भएको छ । त्यसैगरी, सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित बाँकी कानुन निर्माण गरी सबै तहका सरकारलाई प्रभावकारी बनाउने विषयमा सत्ता गठबन्धनका दलहरू सहमत भएका छन् ।

सरकारको नीति तथा कार्यक्रमलाई मार्गदर्शन गर्ने गरी सरकारमा सहभागी दलहरूका बीचमा साझा न्यूनतम कार्यक्रम तयार गर्ने पनि सहमति भएको छ । यो सहमति कार्यान्वयनका लागि वर्तमान मन्त्रिपरिषद् पुनर्गठन गरी सहमतिअनुसार नयाँ संयुक्त सरकार गठन गरिने जनाइएको छ ।

राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र भौगोलिक अखण्डतालाई सुदृढ गर्न तथा समाजवादउन्मुख आर्थिक-सामाजिक विकासका लागि राजनीतिक स्थायित्वको दिशामा अघि बढ्न पनि चार दल सहमत भएका छन् । आठबुँदे सहमतिमा नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली, नेकपा (माओवादी केन्द्र) अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले हस्ताक्षर गर्नुभएको छ ।

यसैगरी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उपमहासचिव वर्षमान पुनले राष्ट्रिय आवश्यकता र जनचाहनाअनुसार सरकारको कामलाई थप प्रभावकारी बनाउन नयाँ गठबन्धन बनेको बताउनुभयो । मुलुकको सुशासन, विकास सामाजिक न्याय र समृद्धिका सवालमा समान सोच राख्ने दलहरूबीच सत्ता गठबन्धनका लागि सहमति भएको उहाँले बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले सुशासन र सेवा प्रवाहलाई केन्द्रमा राखेर काम गर्नेगरी चार दलबीच सहकार्य भएको बताउनुभयो । सरकारलाई पूर्णता दिने प्रक्रियासँगै न्यूनतम साझा कार्यक्रम बनाउने र त्यसैअनुरुप सरकारले काम गर्ने नेता पोखरेलले जानकारी दिनुभयो ।

सरकारमा सहभागी हुनेबारे अन्य दलसँग छलफल पछि मन्त्रालय बाँडफाँड टुङ्गो लाग्ने पनि उहाँले बताउनुभयो । "सबैभन्दा पहिले हामी यो गठबन्धनमा को-को दल सहभागी हुन्छन् भनेर छलफल गरिसकेपछि मात्रै मन्त्रालय बाँडफाँटले सार्थकता पाउँछ । अहिले नै मन्त्रालय बाँडफाँटमा प्रवेश गर्दा अरुलाई सामेल गर्ने कुरा रोकिने भएकाले यो विषयमा छलफल भएको छैन", उहाँले भन्नुभयो, "मन्त्रालय बाँडफाँट ठूलो विषय होइन, सजिलै टुङ्गिन्छ ।"

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डा स्वर्णिम वाग्लेले पनि आर्थिक सुशासन, जवाफदेहिता र सेवा प्रवाहलाई सहज बनाउने सर्तसहित आफ्नो दल सरकारमा गएको बताउनुभयो ।

"आर्थिक शिथिलता र कुशासनका शृङ्खलाहरूबाटसमाजमा नैराश्य छ । त्यसलाई चिर्न सेवा प्रवाहको गति, मात्रा र गुणस्तर रफ्तारमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## महाशिवरात्री विश्व संगीत महोत्सव पोखरामा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन



महाशिवरात्री पर्वको अवसरमा महाशिवरात्री विश्वसंगीत महोत्सव काठमाडौं र पोखरामा हुने भएको छ । गित संगित क्षेत्रलाई प्रबर्द्धन गर्न सुरु गरेको नमस्ते ब्याण्डको ३५ औं बार्षिक उत्सव तथा सत्रौं महाशिवरात्री विश्वसंगीत महोत्सव २०२४ मा शुक्रबार काठमाडौं र शनिबार पोखरामा हुने भएको सोमबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो ।

नेपाल जापानको साथमा चर्चित नेपाली व्याण्डहरू सहित सत्रौं महाशिवरात्री विश्वसंगीत महोत्सव २०२४ मा जापान, अमेरीका र वेलायतका समेत कलाकारको विशेष प्रस्तुती रहने भएको कार्यक्रम संयोजक एवं नमस्ते व्याण्डका इश्वर गुरुङले बताउनु भयो । पोखरामा भने उक्त कार्यक्रम फरक ढंगले गरिने भएको दाबी गर्दै कार्यक्रम संयोजक गुरुङले शनिबार डिहिकोपाटनबाट झाँकी सहितको र्‍याली, ठाडोभाका, भजनकृतनको साथमा शिव धोनी, साँझमा आरती समेत हुने भएको संयोजक गुरुङले जनाउनु भयो । ५० प्रतिशत जसो विभिन्न संघ संस्थाका पदाधिकारीहरुलाई प्रबेश पासको व्यबस्था गरिएको छ । ५० प्रतिशत जसो प्रति दर्शक २ सयका दरले टिकटको व्यबस्था गरिएको चलचित्र पत्रकार संघ कास्कीले सोमबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा सहसंयोजक बुद्धिसागर पौडेलले बताउनु भयो । प्रविधिक कारण, कोरोना सहितका अन्य समस्याले विगत करिब एक दशक पछि उक्त कार्यक्रम शुक्रबार काठमाण्डौंको ठेमल स्थित क्लव फरेन हाइटमा र शनिबार भने पोखराको क्याम्पिङचोकमा हुने भएको हो ।

पोखराका मेयर धनराज आचार्यले सो कार्यक्रमको उद्घाटन गरे पश्चात एक घण्टा नमस्ते ब्याण्डको प्रस्तुती रहने भएको छ भने बेलुका ९:०० बजेसम्म अन्य विभिन्न अन्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानिय कलाकारको प्रस्तुती रहने भएको छ । काठमाण्डौंमा एक हजार सिट क्षमता भएको क्लवमा उक्त कार्यक्रम हुने भएको हो भने पोखरामा भने खुल्ला चौरमा हुने हुँदा करिब ५ हजार जना सहभागि हुने संयोजक गुरुङले दाबी गर्नु भयो । कार्यक्रममा आतिसवाजी समेत हुने भएको शिवजी भट्टराईले बताउनु भयो । एक दशक भन्दा पहिला गित संगितको धेरै महत्व रहेको पश्चिम क्षेत्र सहित पोखरालाई हाल पुर्व क्षेत्रले त्यसको स्थान लिएको संयोजक इश्वर गुरुङको भनाई थियो । विगत ३४ वर्षमा नमस्ते व्याण्डले नेपालमा मात्रै नभएर विश्वमा एक अमिट छाप छोड्न सफल भएको उहाँको भनाई थियो । जापानबाट नै पहिलो पटक नेपालको पहिलो गीति सिडि एल्बम (एकता) राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा जापानबाट उत्पादन तथा विक्रि वितरण गरि नेपालको पहिलो व्याण्डको रूपमा परिचित भई नेपाली गीत संगितको सम्बर्धन, प्रवर्धन गर्ने उद्देश्यले नेपालमै पहिलो पटक उच्च प्रविधिक उपकरणद्वारा डिजीटल रेकीङ्ग स्थापना गरी नमस्ते कल्चरल स्टूडियो संचालन गरी थुपै प्रकारका सांगीतिक कोसेलीहरु प्रस्तुत गरिसकेको नमस्ते व्याण्डले जनाएको छ । पर्यटन वर्ष १९९८ को अवसरमा नेपालमा नै पहिलो पटक ३० दिनमा २९ प्रमुख शहरहरुमा मेची महाकाली संङ्गीत यात्रा सन्देश सम्पन्न गरेको उक्त व्याण्डले सामाजिक क्षेत्रमा समेत विभिन्न कार्यक्रम गर्दै आएको छ । आफुहरु विदेशीय पनि आफ्नो नेतृत्वमा स्वदेशमा विभिन्न सांगीतीक कार्यक्रम भने गर्दै आएको संयोजक गुरुङले जनाउनु भयो ।

## राष्ट्रपतिसमक्ष नवनियुक्त मन्त्रीको शपथ

**रासस**
काठमाडौं, २१ फागुन



राष्ट्रपति रामचन्द्र पौडेलले तीनजना नवनियुक्त मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

राष्ट्रपतिले नेपालको संविधानका धारा, ७६ को उपधारा ९ बमोजिम प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को सिफारिसमा मन्त्रीमा नियुक्त हुनुभएका तीनजनालाई राष्ट्रपति कार्यालय शीलत निवासमा सोमबार आयोजित विशेष समारोहमा सोही संविधानको धारा, ८० अनुसार पद तथा गोपनीयताको शपथ गराउनुभएको हो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का तर्फबाट पदम गिरी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का तर्फबाट हितबहादुर तामाङ र राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट डोलप्रसाद अर्यालले शपथ लिनुभएको हो । उहाँहरूको कार्यभार तोकिएको छैन । राष्ट्रपति कार्यालयका अनुसार उहाँहरूको कार्यभार पछि तोकिनेछ ।

प्रधानमन्त्रीको सिफारिसमा आज गठन भएको मन्त्रिपरिषद् र त्यसको कार्यविभाजनअनुसार प्रधानमन्त्री दाहालले नै अर्थ, उद्योग, वाणिज्य तथा आपूर्ति, ऊर्जा, जलस्रोत तथा सिँचाइ, कानुन न्याय तथा संसदीय मामिला, कृषि तथा पशुपन्छी विकास, खानेपानी, गृह, परराष्ट्र, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, भौतिक पूर्वाधार तथा यातायातलगायत नेपाल सरकार सबै मन्त्रालयको कार्यभार सम्हाल्नुहुनेछ ।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, सभामुख देवराज घिमिरे, प्रधानन्यायाधीश विश्वम्भर श्रेष्ठलगायत विशिष्ट व्यक्तिहरूको उपस्थिति थियो ।

विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं

◆ सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
◆ तीव्र गतिमा सवारी साधन नचलाऔं,
◆ तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुऱ्याऔं,
◆ सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं,
◆ तोकिएको स्थानमा मात्र बिद्यार्थी चढाउने र ओराल्ने गरौं,
◆ सवारी साधन पूर्ण रुपमा रोकिसके पछि मात्र बिद्यार्थीहरुलाई चढाऔं र ओरालौं,
◆ विद्यार्थीहरु सिटमा बसिसके पछिमात्र सवारी साधन गुडाऔं,
◆ विद्यार्थीहरुले शरिरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ? ध्यान दिऔं,
◆ सवारी साधनमा सहचालक अनिवार्य राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मुस्ताङमा भारतीय पर्यटकको मृत्यु

**रासस**
म्याग्दी, २१ माघ

मुस्ताङमा एक भारतीय पर्यटकको लेक लागेर (अक्सिजन अभाव) मृत्यु भएको छ ।

भारतको गुजरातका ५७ वर्षीय भूपेन्द्रभाइ पटेलको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ मा रानीपौवामा सोमबार लेक लागेर ज्यान गएको हो ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी नायब उपरीक्षक भोजराज पाण्डेका अनुसार मुक्तिनाथ जाने क्रममा लेक लागेर बिरामी भएका पटेललाई प्रहरीले उपचारका लागि जोमसोम अस्पताल पुऱ्याएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सामाजिक तथा स्वास्थ्य मन्त्री सिंखडाद्वारा परिवार नियोजन संघ कास्कीको निरीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन

गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सुशीला सिंखडाले सोमबार नेपाल परिवार नियोजन संघ कास्कीको निरीक्षण गर्नुभएको छ।

उहाँलाई संघका सभापति नवीन सिग्देल, शाखा प्रवन्धक नवराज तिवारी लगायतले स्वागत गर्नुभएको थियो।

निरीक्षणका क्रममा उहाँले संघको सेवा र समस्याका बारेमा जानकारी लिनुभएको छ। संघका विविध विषयका बारेमा प्रवन्धक तिवारीले जानकारी



दिनुभएको थियो । मन्त्री सिंखडाले मानवीय जीवनका आवश्यकतालाई विशेष प्राथमिकतामा राखेर काम गरेको बताउनुभयो । उहाँले सरकार र संघ बीचको समन्वय बढाउनुपर्ने भन्दै सहजिकरणका लागि तयार रहेको उल्लेख गर्नुभयो ।

नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले सरकार र समुदायसँग मिलेर नागरिकको हितमा संघले काम गर्न चाहेको उल्लेख गर्नुभयो ।

संघले यौनजन्य संक्रमणको परामर्श तथा उपचार, एच.आई.भि परिक्षण तथा परामर्श, गर्भवती जाँच, सुरक्षित गर्भपतन सेवा, प्रजनन् स्वास्थ्य सम्बन्धी शिक्षा, सूचना तथा परामर्श सेवा, यौनिक तथा लैङ्गिकतामा आधारित हिंसामा परेकालाई परामर्श तथा उपचार सेवा, पाठेघरको मुखको क्यान्सर सम्बन्धी प्रारम्भिक परिक्षण तथा परामर्श, प्रयोगशाला सम्बन्धी सेवा प्रदान गर्दै आइरहेको छ ।



कोन सहकारीका सदस्य पञ्चकोटमा : पोखरा महानगरपालिका वडा नं १३ स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.ले आफ्ना सदस्यहरुलाई धार्मिक भ्रमणका रुपमा हालै अनन्तश्री ब्रह्माण्डीय महायज्ञ - २०८० सर्वसिद्धिधाम पञ्चकोट बाग्लुङ जानु अघि कोनको भवन अगाडि लिएका शेयर सदस्यहरुको तस्विर । फागुन ९ गते वाट सुरु भएको महायज्ञ आगमी २३ गतेसम्म संचालन हुने छ। तस्विर - पोखरपत्र

# मोडिफाई गरेका मोटरसाइकल चलाउने चालक सहित वर्कसप संचालकलाई कारवाही सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन

पोखरामा स्वरूप परिवर्तन (मोडिफाई) गरी मोटरसाइकल चलाउने चालक सहित वर्कसप संचालकलाई कारवाही गर्न सुरु गरिएको छ।

पोखरामा पछिल्लो समयमा मोडिफाइ गरी मोटरसाइकल चलाउने युवाको सङ्ख्यामा बृद्धि भएसंगै जिल्ला प्रहरी कार्यालय कास्कीले मोडिफाई गरी सवारी चलाउने र मोडिफाइ गर्ने वर्कसपलाई समेत कार्वाही गर्न सुरु गरिएको आइतबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्कममा जानकारी गराइएको हो।

पोखरामा पछिल्लो तीन दिनमै ५९ वटा मोडिफाइ गरेका मोटरसाइकलहरु नियन्त्रणमा लिई आवस्यक कारबाहीको प्रकृया अघि बढाइएको कास्कीका प्रहरी प्रमुख मोहन कुमार थापाले बताउनु भयो। स्वरूप परिवर्तन (मोडिफाई) गरेका मोटरसाइकल चालक र वकसपलाई समाजमा होहल्ला मच्चाई ध्वनी प्रदुषण गर्ने ६ सय ८१ वटा मोटरसाइलाई आफुहरुले नियन्त्रणमा लियर



कारवाही गरिएको उहाँले जनाउनु भयो।

जिल्ला प्रहरी कार्यालय कास्की र जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीको संयुक्त प्रयासमा गत भदौं २५ गते देखी स्वरूप परिवर्तन गरी समाजमा होहल्ला मच्चाउँदै हिंड्ने, ध्वनी प्रदुषण गर्ने, साईलेन्सर पाईपबाट आगो समेत निकाल्ने मोटरसाइकलहरू नियन्त्रणमा लिई कारवाही गर्दै आएको एसपी थापाले बताउनु भयो । उक्त सवारी साधनका धनिहरु माथि कार्वाही हुँदा जरिवाना स्वरुप ७ लाख ४२ हजा ७ सय रुपैया राजश्व संकलन भएको उहाँले जनाउनु भयो । स्वरूप परिवर्तन गरिएका मोटरसाइकलहरू मध्ये पटके कारबाहीमा परेकाहरूलाई आवश्यक कारबाहीको लागी यातायात व्यबबस्था कार्यालय कास्कीमा पठाउने तथा पहिलो पटकमा परेकाहरूलाई मोडीफाई गरिएका सामानहरू फेर्न लगाई पहिलेको जस्तै बनाउन लगाई ट्राफिक नियम उल्लंघनमा जरिबाना गरी अभिभावकको जिम्मा लगाई छाडिएको छ । मोडिफाइ गर्ने सवारी धनि र गराउने वर्कसप समेतको निगरानी गरी पहिचान गर्ने र उक्त वर्कसप संचालकहरू समेतलाई नियन्त्रणमा लिई आवश्यक कानूनी कारबाही प्रक्रिया अगाडि बढाइएको जिल्ल प्रहरी कार्यालय कास्कीका प्रहरी निरिक्षक तिलक मानन्धरले बताउनु भयो। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ मा स्वरुप परिवर्तन, पार्टपुर्जा थप्न वा घटाउन रंग परिवर्तन गर्न नपाईने व्यवस्था रहेको छ यद्यपी यसो गरेको खण्डमा ट्राफिक प्रहरीले न्यूनतम एक हजार देखि यातायात व्यबस्था कार्यालयबाट पटकेमा परेकाहरुलाई १५ हजार सहित अन्य कारवाही हुने व्यबस्था रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख भानु शर्माले बताउनु भयो। पहिलो पटक मोटरसाइकल मोडिफाइगरेकाहरुलाई सम्झाई बुझाई गरी न्यूनतम शुल्कमा कार्वाही गरी चिठ काटेर पठाउने गरेको उहाँले जनाउनु भयो । दोश्रो पटक पनि पुनः मोडिफाइ गरेकाहरुलाई थप कडा कार्वाहीको लागि सिधैं यातायात व्यबस्था कार्यालयमा कार्वाहीको लागि सिफारिस गर्ने ट्राफिक प्रहरी प्रमुख शर्माले जनाउनु भयो । मोडिफाइ गराउने वर्कसपलाई सार्वजनिक मुद्धा समेत लाग्न सक्ने प्रहरीले चेतावनी दिएको छ।

# गण्डकीका १५ सय विपन्न परिवारलाई नयाँ घर

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन

जनता आवास कार्यक्रमअन्तर्गत गण्डकी प्रदेशका एक हजार ५०० सय विपन्न परिवारले नयाँ घर पाएका छन्। प्रदेशभित्र पहिचान भएका दुई हजार नौ सय एक लाभग्राहीमध्ये एक हजार ५०० सय एक घर निर्माण सम्पन्न भई हस्तान्तरण गरिएको प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले जनाएको छ।

मन्त्रालयका प्रवक्ता एवं यातायात व्यवस्था महाशाखा प्रमुख टीकाराम पौडेलले सम्झौता भएकामध्ये चार सय ३५ घरको अन्तिम भुक्तानीसहित हस्तान्तरण गर्न बाँकी रहेको बताउनुभयो । "लागत सहभागिताका लागि लाभग्राही स्वयंले शौचालय बनाउनुपर्ने प्रावधान कार्यविधिमा छ, शौचालय नबनेकाले कतिपयको अन्तिम भुक्तानी रोकिएको छ, अरु प्राविधिक कारणले पनि भुक्तानीमा ढिलाइ भएको हो", उहाँले भन्नुभयो, "स्थानीय तहसँग साझेदारी गरेर भए पनि सम्झौता भएका लाभग्राहीलाई छिट्टै घर हस्तान्तरण गर्ने तयारीमा मन्त्रालय छ।" सङ्घ सरकारले जनता आवास कार्यक्रमका लागि दिने सर्शत अनुदान चालु आवदेखि रोकिएका कारण पनि कार्यक्रम कार्यान्वयनमा जटिलता थपिएको प्रवक्ता पौडेलको भनाइ छ। सम्झौता भएका सबै लाभग्राहीलाई एकै चरणमा भुक्तानी दिन प्रदेश सरकारसँग बजेटको अभाव रहेको प्रवक्ता पौडेलले बताउनुभयो । गोरखालगायत केही जिल्लामा अन्तिम किस्ता भुक्तानी दिन बाँकी रहेका लाभग्राहीलाई अनुदान उपलब्ध गराउन प्रक्रिया अगाडि बढेको मन्त्रालयले जनाएको छ। दलित, विपन्न, लोपोन्मुख र अति सीमान्तकृत समुदायका लागि सुरक्षित आवास व्यवस्था गर्न सङ्घ सरकारले आव २०६६/०६७ देखि यो कार्यक्रम सुरु गरेको थियो । सङ्घ सरकारले हेर्दै आएको सो कार्यक्रम आव २०७५/०७६ देखि प्रदेश सरकारमा हस्तान्तरण भएको थियो। प्रदेश सरकारअन्तर्गत जिल्लामा रहेका पूर्वाधार विकास कार्यालयमार्फत सो कार्यक्रम कार्यान्वयन हुँदै आएको छ । गत आवसम्म सशर्ततर्फ सङ्घ सरकारले अनुदान दिए पनि चालु आवदेखि उक्त कार्यक्रमको सम्पूर्ण दायित्व प्रदेश सरकारमाथि सरेको मन्त्रालयका प्रवक्ता पौडेलले बताउनुभयो। घर निर्माण सम्पन्न भइसक्दा पनि भुक्तानी नपाउँदा लाभग्राहीबाट बेलाबेला गुनासो उठ्ने गरेको छ । दुई कोठे भवनका लागि लाभग्राहीले अनुदान पाउने गरेका छन् । लाभग्राही धेरै र बजेट कम हुँदा भुक्तानी प्रक्रियामा लम्बिने गरेको जिल्लास्थित पूर्वाधार कार्यालयले जनाएका छन् । एउटा घरका लागि सरकारले रु तीन लाख ५० हजार अनुदान उपलब्ध गराउँदै मन्त्रालयले जनाएको छ । कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकारले विसं २०७५ मा आफ्नै कार्यविधि बनाएको छ।

लाभग्राहीलाई चार किस्तामा रकम उपलब्ध गराउने गरिएको मन्त्रालयका प्रवक्ता पौडेलले जानकारी दिनुभयो। जग तयार भएपछि २५ प्रतिशत, भुइँ ढलान भएपछि ३० प्रतिशत, गारो तयार भएपछि ३५ प्रतिशत र छाना, झ्यालढोका र शौचालय बनेपछि १० प्रतिशत भुक्तानी पाउने व्यवस्था कार्यविधिमा छ।

सङ्घ सरकारको स्वीकृत कार्यक्रमबमोजिम आव २०७४/०७५ मा छनोट भएका लाभग्राही मात्र उक्त कार्यक्रममा समावेश भएको मन्त्रालयले जनाएको छ । जनता आवास कार्यक्रम कार्यान्वयनका लागि प्रदेश र जिल्लास्तरमा समन्वय समितिसमेत क्रियाशील छन्।

## चार ...

जाओस् भन्ने समाजको चाहना छ । त्यसलाई प्रधानमन्त्रीले गम्भीर रूपमा लिनुभएको हामीले पायौँ । अब फरक ढङ्गले जानुपर्छ भनेर प्रस्ताव आएपछि सरकारमा जाने निर्णय भएको हो" नेता वाग्लेले भन्नुभयो। चार दलबीच भएको आठबुँदे सहमति कार्यान्वयन नभएको अवस्थामा रास्वपा सरकारबाट बाहिरिने पनि उहाँले स्पष्ट पार्नुभयो।

"हामी निश्चित एजेण्डासहित यो-यो काम गर्ने भनेर सरकारमा जान लागेका छौं। ती काम गर्न सकेको दिनसम्म सरकारमा रहन्छौं। गर्न नसकेको दिन हामी छोड्ने छौं। तर त्यस्तो दिन आउँछ जस्तो हामीलाई लाग्दैन", वाग्लेले भन्नुभयो, "शङ्काको लाभसहित सरकारमा प्रवेश गरेका छौं। हाम्रो प्रवेश सशर्त छ। सेवा प्रवाह गर्न सकेको दिनसम्म हामी सरकारमा रहन्छौं नसकेको दिन सम्मानजनक बहिर्गमन खोज्नेछौं ।" जनता समाजवादी पार्टी (जसपा) का नेता राजेन्द्र श्रेष्ठले संविधानको भावनाअनुसार मुलुकलाई गति दिन आफ्नो दल सरकारमा गएको बताउनुभयो। "सङ्घीयता, सुशासन र सामाजिक न्याय र समाजवाद उन्मुख राज्यसत्ता निर्माण गर्ने र अर्थ राजनीतिका हिसाबले पनि समाजवाद उन्मुख बनाउने हिसाबले आठबुँदे सहमति भएको छ।

यसैका आधारमा नयाँ सत्ता समीकरण अघि बढ्छ। सेवा प्रवाह र सुशासनको पहलकदमीलाई थप प्रभावकारी बनाएर जान सहकार्य भएको हो," उहाँले भन्नुभयो।

## मुस्ताङमा ...


थियो । उनलाई अस्पताल ल्याइपुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए। पटेल साथी र आफन्तसँगै मुक्तिनाथ दर्शनका लागि आएका थिए । प्रहरी निरीक्षक मिलन विकको टोलीले उनको उद्धार गरी जोमसोम लगेको थियो । मुक्तिनाथ आसपासको क्षेत्रमा शनिबारदेखि हिउँ परेको छ । हिमपातसँगै चिसो बढेको छ । प्रतिकूल मौसमका कारण जनजीवन प्रभावित भएको छ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरिलिअस्

## सम्पादकीय

# फेरिएको सत्ता गठबन्धन

एक वर्षअघि बनेको सत्ता गठबन्धन भत्किएर नयाँ सत्ता गठबन्धन बनेको छ । काङ्ग्रेस नेतृत्वमा बनेको सत्ता गठबन्धन भत्केर नेकपा एमालेको नेतृत्वमा बनेको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री बनाउन दुवै गठबन्धन तयार हुनु सत्ता स्वार्थ हो । २०७९ पुस १० गते बनेको गठबन्धन राष्ट्रपति निर्वाचनमा भत्किएको थियो । एमाले नेतृत्वको गठबन्धनमा रहेका एमाले, रास्वपा र राप्रपा विपक्षमा रहेका थिए । एमाले नेतृत्वको गठबन्धन भत्काएर काङ्ग्रेसले राष्ट्रपति,संघीय सरकारमा १० मन्त्रालय र सातै प्रदेशमा सरकारमा पुग्न सफल भएको छाराष्ट्रिय सभामा एमालेलाई तेस्रो दलमा झार्न सफल भएको थियो ।

काङ्ग्रेस र एमालेबीचमा राम्रो सम्बन्ध बन्न नदिन चलाख पुष्पकमल दाहालले काङ्ग्रेसलाई धोका दिएका छन । एमालेलाई पनि पटकपटक धोका दिएपनि अहिले कम्युनिष्टको ध्रुवीकरण गर्ने निहुँमा गठबन्धन फेरेर प्रधानमन्त्री पदलाई सुरक्षित गराएका छन । नयाँ गठबन्धनमा जोडिएका चार राजनीतिक दलले सरकार, राष्ट्रिय सभा अध्यक्ष/उपाध्यक्षको निर्वाचन, शान्ति प्रक्रिया, संघीयता कार्यान्वनलगायत ८ बुँदे सहमति गरेका छन् । गठबन्धनको सोमबार बालुवाटारमा बसेको बैठकले राष्ट्रिय आवश्यकता र जनचाहना अनुसार सरकारलाई थप प्रभावकारी बनाउने सहमति भएको जनाएका छन।

सहमति पत्रमा एमाले अध्यक्ष केपी शर्मा ओली, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले हस्ताक्ष गरेका छन् । 'जनचाहनाअनुरूप सुशासन, विकास जनता र सामाजिक न्यायका आकांक्षा पूरा गर्न, राष्ट्रिय हित र सरोकारलाई प्राथमिकतामा राखेर सन्तुलित र फराकिलो अन्तर्राष्ट्रिय सम्बन्धको विकास गर्न तथा नेपालको संविधानको मर्म र भावनाअनुरूप संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै समृद्धिको दिशामा प्रभावकारी ढंगले अघि बढ्न सहमत भएर ८ बुँदे सहमति भएको छ ।

दलहरुको सहमतिअनुसार हालका प्रधानमन्त्री पुष्पकमल दाहालकै नेतृत्वमा सरकार सञ्चालन हुने छ । 'राष्ट्रिय आवश्यकता र जनचाहनाअनुसार सरकारको कामलाई थप प्रभावकारी बनाउन तथा मुलुकको सुशासन, विकास, सामाजिक न्याय र समृद्धिका प्रश्नमा समान सोच राख्ने दलहरूका बीचमा सहकार्य आवश्यक रहेको महशुस गरी नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी र जनता समाजवादी पार्टी, नेपालको सहभागितामा नयाँ संयुक्त सरकार गठन गर्ने । सरकारको नेतृत्व नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गर्ने' सहमतिमा भनिएको छ, 'रिक्त रहेको राष्ट्रिय सभाको अध्यक्षमा नेकपा (माओवादी केन्द्र) का उम्मेद्वार र उपाध्यक्षमा नेकपा (एमाले) का उम्मेद्वारलाई समर्थन गर्ने ।'

चार दलले सहमतिका आधारमा मन्त्रालय बाँडफाँट गर्ने बताएका छन् । 'सरकारमा सहभागी भएका दलहरूका बीचमा आपसी सहमतिमा मन्त्रालय बाँडफाँट गर्ने । त्यसरी बाँडफाँट गर्दा मन्त्रालयको विशेषताका आधारमा वर्गीकरण गरी मिलाउने। नयाँ संयुक्त सरकार गठन प्रक्रियामा सकारात्मक अन्य दलहरूसँग संवाद अघि बढाउने' सहमतिमा भनिएको छ, 'संक्रमणकालीन न्यायसम्बन्धी विधेयक, शान्ति प्रक्रिया र देशमा स्थायी शान्ति कायम गर्नका लागि यससाग सम्बन्धित अन्य विषयहरू सहमतिका आधारमा अविलम्ब टुग्याउने ।'

संघीयतालाई कार्वान्वयन गर्न 'संघीयता कार्यान्वयनसँग सम्बन्धित बाँकी कानुन निर्माण गरी सबै तहका सरकारलाई प्रभावकारी बनाउने' सहमतिमा भनिएको छ, 'सरकारको नीति तथा कार्यक्रमलाई मार्गदर्शन गर्ने गरी सरकारमा सहभागी दलहरूका बीचमा साझा न्यूनतम कार्यक्रम तयार गर्ने ।' नयाँ गठबन्धनका दलको सहमति नयाँ भने होइन । राष्ट्रिय सभा अध्यक्ष र उपाध्यक्ष बाहेक अरु पुरानै हुन । साढे १४ महिनमा तीनवटा गठबन्धन बन्नु अस्थिरताको निरन्तरता हो । केहीलाई मन्त्री बनाउने, केहीले नियुक्ति पाउने बाहेक देशलाई सही बाटोमा हिडाउने काम गर्छ भनेर विश्वास गर्न सकिदैन ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : मानसिक तनाब |
| सिंह | : स्वस्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नेपालले भूटानलाई हरायो

**रासस**
काठमाडौं, २१ फागुन

साफ यू-१६ महिला च्याम्पियनशिप फुटबल प्रतियोगितामा नेपालले भूटानलाई पराजित गरेको छ ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमबार सम्पन्न खेलमा नेपालले भूटानलाई ३-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । नेपालका लागि पूजा गिरी, भूमिका बुढाथोकी र ग्यान्सु डोल्मा लोले समान एक-एक गोल गरे । खेलको १४औं मिनेटमा पूजाको गोलमार्फत नेपालले पहिलो अग्रता लियो । पूजाले गोल गरेको चार मिनेटपछि कप्तान भूमिकाले गोल गर्दै नेपालको अग्रता दोब्बर बनाइन् । खेलको ३१औं मिनेटमा ग्यान्सुले एक गोल थपिन् । त्यसपछि खेलमा गोल हुन सकेन र नेपालले भूटानमाथि सहज जित निकाल्यो । जितसँगै नेपालले प्रतियोगितामा पहिलो जित हासिल गरेको थियो ।

नेपाल पहिलो खेलमा बङ्गलादेशसँग २-० ले पराजित भएको थियो । यससँगै नेपालले प्रतियोगितामा तीन अङ्क बटुलेको छ । अब नेपालले यही फागुन २४ गते भारतसँग खेल्नेछ ।

# एकीकृत समाजवादीले नयाँ गठबन्धनलाई गुण र दोषका आधारमा सहयोग गर्ने

**रासस**
काठमाडौं, २१ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को सचिवालय बैठकले नयाँ गठबन्धनको गुण र दोषका आधारमा सरकारलाई सहयोग गर्ने निर्णय गरेको छ ।

पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा आज केन्द्रीय सचिवालय बैठकले सरकारको उद्देश्य, प्रक्रिया र संरचना प्रस्ट भएपछि पार्टी सरकारमा सहभागी हुने वा नहुने विषयमा छलफल गर्ने निर्णय गरेको पार्टी कार्यालय सचिव जीवनराम श्रेष्ठले राससलाई जानकारी दिनुभयो । "नयाँ समीकरणको उद्देश्य, प्रक्रिया र संरचना अझै स्पष्ट भइसकेको छैन, प्रधानमन्त्रीले लिएको निर्णयका उद्देश्य र संरचनाका बारेमा सबै विषय अगाडि आएपछि तिनको गुण-दोषका आधारमा नेकपा (एकीकृत समाजवादी)ले आफ्ना नीतिहरू स्पष्ट पार्नेछ," बैठकको निर्णय सुनाउँदै उहाँले भन्नुभयो । पछिल्लो समय विकासित राजनीतिक घटनाक्रमले मुलुकमा अर्को राजनीतिक समीकरण निर्माण भएको विश्लेषण गर्दै बैठकले गठबन्धन फेरिएपछिको अवस्थामा पार्टीको धारणा प्रस्ट गरेको हो । बामपन्थी ध्रुवीकरणको सम्भावना, समाजवादी मोर्चालगायत विषयमा विस्तृत छलफल गरिएको बैठकमा समसामयिक राजनीतिक अवस्था, पार्टीले सरकारमा रहँदा गरेका कार्यको समीक्षा गरिएको थियो । कार्यालय सचिव श्रेष्ठका अनुसार सरकारकोनेतृत्वगरेकोमाओवादी केन्द्रले एकीकृत समाजवादीलाई सरकारमा सहभागिताका लागि गरेको आग्रहलाई सकारात्मक रूपमा लिन केही नेताहरूले बैठकमा सुझाव दिनुभएको थियो ।

# महिला अधिकार सुनिश्चित गर्नुपर्नेमा पूर्वराष्ट्रपतिको जोड

**रासस**
काठमाडौं, २१ फागुन

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले महिला अधिकारलाई सुनिश्चित गर्न देशभरका महिला एक भएर लाग्नुपर्नेमा जोड दिनु भएको छ ।

वीरेन्द्रनगरमा आयोजित कर्णाली प्रदेशस्तरीय महिला सम्मेलनमा पूर्वराष्ट्रपतिभण्डारीलेमहिलाअधिकार संरक्षणमा लाग्नुपर्ने बताउनुभएको हो । उहाँले नेपालमा महिला अधिकार र महिला सशक्तीकरणमा उल्लेखनीय सुधार गर्नुपर्नेमा जोड दिनुभयो । सामाजिक न्याय, महिला अधिकार र लैङ्गिक अधिकार, सामाजिक जागरण, सचेतना अभियानको परिणामस्वरुप महिला अधिकारको क्षेत्रमा उल्लेखनीय सुधार भएको उहाँले बताउनुभयो । विसं २०६३ जेठ १३ गते पुनःस्थापित प्रतिनिधिसभाले महिलाका अधिकारसम्बन्धी चारबाट विधेक ल्याएर महिलाको अधिकार पूर्ण रूपमा सुनिश्चित गरेको बताउनुभयो ।

यसैगरी, २०७२ सालमा बनेको देशको नयाँ संविधानले पनि महिलाको हक अधिकार सुनिश्चित बनाएको बताउनुभयो । उहाँले, प्रजननको हक र महिला स्वास्थ्य, शिक्षा, लैङ्गिक समानता कायम गर्नेतर्फ पुरुषहरूले पनि गम्भीर भएर सहयोग गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "महिलाहरू आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपमा पछि परेकाले अब त्यो अवस्थालाई चिर्दै आफ्ना हकअधिकार प्राप्तिमा निरन्तर लागिपर्ने बताउनुभयो । तीन तहका सरकारमा महिलालाई नीति निर्माणमा समानरूपमा सहभागी बनाउनुपर्नेमा जोड दिनुभयो ।


## अनलाइन पत्रिकाको कम्पनीको नाम परिवर्तन गरिएको सूचना ।

दोस्रो पटक प्रकाशित मिति: २०८०/११/२२

www.atozpatrika.com नामक अनलाइन पत्रिका एटुजेट पत्रिका प्रा.लि.को नामबाट प्रकाशित/प्रसारित हुदै आएकोमा कम्पनीको नाम परिवर्तन गरी पोखरा क्लिक प्रा.लि.को नामबाट अब www.pokharaclick.com प्रकाशित/प्रसारित हुने जानकारी गराउदछौं ।

प्रकाशक:
www.atozpatrika.com
पोखरा २२, कास्की


# विद्यालयलाई प्रविधिमैत्री बनाउन वडा कार्यालयबाट ल्यापटप

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन

बागलुङको जैमिनी नगरपालिका-१ को वडा कार्यालयले वडाभित्र रहेका पाँच सामुदायिक विद्यालयलाई ल्यापटप उपलब्ध गराएको छ ।

विद्यालयलाई प्रविधिमैत्री बनाउने उद्देश्यले विद्यालयबाट माग भई आएका निवेदनका आधारमा ल्यापटप वितरण गरिएको हो । प्राथमिक तह सञ्चालनमा रहेका विद्यालयलाई प्रविधिमैत्री शिक्षण सिकाइका लागि ल्यापटप उपलब्ध गराइएको वडाध्यक्ष विष्णु आचार्यले बताउनुभयो ।

विद्यालयमा मात्रै नभई प्रयोगात्मक काममा विद्यालय बाहिर जाँदा पनि ल्यापटप लैजान सजिलो हुने भएकाले विद्यालयलको मागका आधारमा ल्यापटप हस्तान्तरण गरिएको उहाँले बताउनुभयो ।

वडाध्यक्ष आचार्यका अनुसार कुश्मी प्राथमिक विद्यालय, सिद्धिगणेश प्राथमिक विद्यालय, जनचेतना प्राथमिक विद्यालय, सरस्वती प्राथमिक विद्यालय र जैमिनी प्राथमिक विद्यालयलाई ल्यापटप प्रदान गरिएको छ । वडा कार्यालयमा आयोजित एक समारोहमा नगर शिक्षा अधिकारी खेम आचार्यले विद्यालयका प्रधानाध्यापकलाई ल्यापटप हस्तान्तरण गराउनुभएको थियो ।

वडामै रहेका शान्ति माध्यमिक विद्यालय र पल्लोपाखा सामुदायिक माध्यमिक विद्यालयलाई भने अन्य कार्यक्रममा सहभागी गराइने उहाँले बताउनुभयो । चालु आर्थिक वर्षमा प्राथमिक विद्यालयमा ल्यापटप वितरणका लागि वडा कार्यालयले रु तीन लाख ५० हजार विनियोजन गरेको थियो । उहाँका अनुसार प्रतिल्यापटप रू ७० हजारका दरले खरिद गरिएको हो । "कम्तीमा प्राविधिक विषय प्रोजेक्टरका माध्यमबाट पढाउन सकियोस्, विद्यार्थीलाई शिक्षण सिकाइमा प्रविधिको प्रयोग गर्न सकियोस् भन्ने हो", वडाध्यक्ष आचार्यले भन्नुभयो, "यो सुरुआत हो, यसको नतिजाका आधारमा बाँकी कार्यक्रम बनाउँछौं ।" सामाजिक विकासका क्षेत्रमा पूर्वाधार विकासमा भन्दा धेरै लगानी गर्ने वडाको योजना छ ।

# बागमतीमा हुने अन्तर प्रदेश खेलकुदका लागि परिषदले तोक्यो जिम्मेवारी

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन



प्रदेश खेलकुद परिषद गण्डकीले बागमती प्रदेशमा पहिलो पटक सञ्चालन हुने अन्तर प्रदेश राष्ट्रिय खेलकुदको तयारी सुरु गरे संगै जिम्मेवारी समेत तोकेको छ ।

प्रदेश खेलकुद विकास परिषद बागमतीको आयोजनामा यहि फागुन ३० देखि चैत्र ८ गते सम्म सञ्चालन हुने प्रतियोगिताका लागि जिम्मेवारी तोकेको हो । परिषदको सोमबार सम्पन्न कार्यकारी समितिको बैठकले परिषदका सदस्यहरुलाई विभिन्न ९ खेलका लागि संयोजकको जिम्मेबारी दिएको हो ।

परिाषदका सदस्य सचिब श्रीधर शर्माको अध्यक्षतामा सम्पन्न बैठकले परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, कार्यकारी सदस्य दिल बहादुर गुरुङ र ऋषीराम गौतमलाई अनुगमन समितिको सदस्यमा तोकेको छ । त्यसै गरी पुरुष भलिबलको संयोजकमा परिषदका सदस्य बसन्तराज दवाडी, महिला भलिबलको संयोजकमा शुभकन्या गुरुङ, फुटबलतर्फ आकृती भण्डारीलाई संयोजक तोकेको छ। क्रिकेटको संयोजकमा परिषदका सदस्य केशव पाठक, तेक्वान्दोमा योगिता सहानी, बक्सिङमा कार्यकारी सदस्य ऋषीराम गौतम, कराँतेमा योगेन्द्र शेरचन, एथलेटिक्समा गिरमान गुरुङ, पौडीमा योगेन्द्र गुरुङ र ब्याडमिन्टनको संयोजकमा बिनय थापालाई जिम्मेवारी दिएको छ ।

प्रतियोगिता अन्तर्गत महिला/पुरुष फुटबल, क्रिकेट, भलिबल, बक्सिङ, ब्याडमिन्टन, एथलेटिक्स, कराँते, तेक्वान्दो, भलिबल, पौडीखेलहरु सञ्चालन हुनेछन् । सम्पन्न बैठकले महिला फुटबलको २१ देखि चैत्र १ गते सम्म नवलपुरमा प्रशिक्षण हुने छ भने पुरुष फुटबल, तेक्वान्दो, एथलेटिक्स, पौडी, ब्याडमिन्टनको छनौट खेलहहरु यहि फागुन २६ र २७ गते पोखरामा तथा कराँतेको सोही मितिमा पर्वतमा छनौट खेल आयोजना गर्ने गरी निर्णय गरेको छ । त्यसै गरी भलिबल महिला तथा पुरुष र बक्सिङको छनौट खेल २३ र २४ गते पोखरामा हुनेछ भने महिला क्रिकेट छनौट फागुन २६ देखि २८ गते सम्म पोखरामा हुनेछ ।

सदस्य सचिब शर्माले सबै खेलका लागि खेलाडी छनौट गर्न परिषद र सम्वन्धित खेल संघ मार्फत खुल्ला आह्वान गरिने जनाउँदै छनौटमा सफल हुने खेलाडीलाई कम्तिमा पाँच दिनको बन्द प्रशिक्षणमा समावेश गर्ने बताए । छनौटलाई पारदर्शी र मर्यादित बनाउन आग्रह गर्दै सदस्य सचिब शर्माले सबै सदस्यहरुलाई पहिलो पटक अन्तर प्रदेशमा हुने सहभागिताले दशौं राष्ट्रिय खेलकुदको तयारीका लागि समेत तयारीले प्रभाव पार्ने बताए । बजेटको सिमिततालाई ध्यानमा राख्दै छनौट कार्यक्रम गरेको बताउँदै उनले सिमित श्रोत र साधनका बाबजुद पनि खेलाडीहरुको मनोबल उच्च बनाउने गरी कार्य गर्नु पर्ने उनको भनाई थियो । बागमतीमा हुने अन्तर प्रदेश खेलकुदका लागि गण्डकीबाट ९ खेलमा करिव २ सय ५० खेलाडीहरुको सहभागिता हुनेछ । प्रतियोगिता अन्तर्गत अधिकांश खेलहरु चितवन र फुटबल खेल भने हेटौडामा हुने भएको छ ।

# घार्मी कृर्षि वातावरण तथा पर्यटन सहकारीको अवलोकन भ्रमण सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन




पोखरा १९, घार्मीमा रहेको, घार्मी कृर्षि वातावरण तथा पर्यटन सहकारीले कृर्षि तथा पर्यटन क्षेत्रको अध्ययनका लागि तनहूँ र लम्जुङ्गका विभिन्न ठाउँको दुई दिवसीय अवलोकन भ्रमण सम्पन्न गरेको छ ।

सहकारीको कार्यालय घार्मीबाट निस्किएको ३३ सदस्यीय भ्रमण टोलिले तनहूँको बन्दिपुरमा रहेको बाख्रा फर्म अवलोकन गर्दै त्यसै दिन साँझ लम्जुङ्गको पर्यटकीय गाउँ राईनास कोट पुगेर स्थानीय होम स्टेमा बसी पर्यटन प्रवर्धनमा होमस्टे संचालनका विभिन्न संभावनाहरु माथि अध्ययन गरेको थियो । त्यसैगरि, टोलीले लम्जुङ्गका विभिन्न पर्यटकीय गन्तव्यहरुको अवलोकन गर्दै पोखरा फर्केको थियो । २०७९ मा स्थापना भएको घार्मी कृर्षि वातावरण तथा पर्यटन सहकारी जो स्थापना भएको अति छोटो समयमै सृजनशी कृयाकलाप गर्दै घार्मी तथा त्यस भेकका कृर्षकहरुको लागि साथ र सहारा बन्न सफल भएको छा सहकारीले समय समयमा कृर्षकहरुलाई मल, बीउ बिजन र कृर्षि सामग्रीहरु उपलब्ध गराउँदै आएको कुरा गर्दै संस्थाका अध्यक्ष पोषराज पौडेलले यतिखेरको अवलोकन भ्रमण कृर्षि र पर्यटन क्षेत्रको विकासको लागि आधारभूत आवश्यकता र विभिन्न संभावनाहरु देख्न सिक्न र बुझ्नका लागि आयोजन गरिएको बताउनु भयो ।

सहकारीले, गाउँवासीहरुको जीवन स्तर उकास्न गाउँमा कृर्षि तथा पर्यटन क्षेत्रको विकास हुनसके मात्र गाउँ आत्म निर्भर बन्ने कुरामा जोड दिँदै आएको छ र आफ्नो लगानी पनि कृर्षि क्षेत्रमै प्रवाह गर्दै आएको छ ।

# 'लिटिल स्टेपमा पुरस्कार वितरण एवम् अभिमुखीकरण कार्यक्रम सम्पन्न'

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन

लिटिल स्टेप माध्यमिक विद्यालयको ४१ औं वार्षिकोत्सव तथा अभिभावक दिवस समारोहको पावन दिन माघ १६ गते भव्य रूपले प्रदर्शन गरिएको सामाजिक अध्ययन एवम् विज्ञान प्रदर्शनीमा तहगत रूपमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने सफल विद्यार्थीहरुलाई सोमबार आयोजित छोटो कार्यक्रमबिच नगदसहित पुरस्कार एवम् प्रमाणपत्र वितरण गरियो ।



उक्त प्रदर्शनीमा प्राथमिक तहतर्फ प्रथम हुनेलाई नगद रु. २५००/-, द्वितीयलाई रु. २०००/ एवम् तृतीयलाई रु.१५००/- वितरण गरियो । यसै गरी आधारभूत तहतर्फ प्रथम हुनेलाई रू. ५५००/-, द्वितीयलाई रु. ५०००/ र तृतीयलाई रु. ४५००/- नगद वितरण गरियो । त्यस्तै मा.वि. तहतर्फ प्रथमलाई रु.७०००/-, द्वितीयलाई रु. ६५००/- तथा तृतीयलाई रु. ६०००/- नगद वितरण गरियो ।

गत वार्षिकोत्सव समारोहमा आमन्त्रित प्रमुख अतिथि गण्डकी प्रदेश सरकारका आर्थिक मामिला मन्त्री माननीय राजीव आले, व्यवस्थापन समिति अध्यक्ष श्रद्धेय सञ्जीव उधास, पूर्व अध्यक्ष श्रद्धेय शेरबहादुर गुरुङ, प्राचार्य श्रीमती पम्फा गुरुङलगायत उपस्थित अथिति एवम् सम्पूर्ण अभिभावक गणद्वारा विद्यार्थीहरूका प्राविधिक कला तथा निर्माणको मुक्त कण्ठले प्रशंसा गरिएको उक्त सामाजिक अध्ययन एवम् विज्ञान प्रदर्शनी ४१ औं वार्षिकोत्सवको प्रमुख आकर्षण बनेको थियो । उक्त पुरस्कार पोखरा लिङ्कन इन्टरनेशनल कलेज एवम् लिटिलस्टेपमाध्यमिकविद्यालयका संस्थापक तथा व्यवस्थापन समिति पूर्व अध्यक्ष श्रद्धेय शेरबहादुर गुरूङ र संस्थापक प्राचार्य पम्फा गुरुङ ज्यूले वितरण गर्नुभएको थियो । पुरस्कार वितरणपश्चात प्राचार्यद्वारा बधाई मन्तव्य व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै प्राविधिक, कलात्मक एवम् सिर्जनात्मक निर्माण गतिविधिमा लाग्न विद्यार्थीहरुलाई प्रोत्साहन दिइएको थियो । उक्त कार्यक्रममा सि.ए.ओ अनिलकुमार अर्याल, मावि संयोजक विनोद गिरी लगायत सम्पूर्ण शिक्षकगण एवम् विद्यार्थीहरुको उपस्थिति थियो । त्यस्तै स्काउट गठन सम्बन्धी अभिमुखीकरण कार्यक्रम पनि विद्यालयमा सम्पन्न भयो । नेपाल स्काउट, गण्डकी प्रदेशबाट आमन्त्रित प्रदेश प्रमुख श्रद्धेय सागर पौडेलद्वारा विद्यालयमा हाल कक्षा ६, ७ र ८ मा अध्ययनरत विद्यार्थीहरुलाई स्काउटको महत्वमाथि प्रकाश पार्दै यसको गठन प्रक्रिया सम्बन्धी सम्पूर्ण जानकारी प्रदान गरिएको थियो । अभिभावक एवम् विद्यार्थीगणको रुचि अनुसार नयाँ शैक्षिक सत्र २०८१ देखि विद्यालयमा स्काउट गठन गर्न आवश्यक आन्तरिक गृहकार्य भैरहेको छ ।



मुक्तिनाथमा हिमपात :
मुस्ताङ वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको मुक्तिनाथ रानीपौवा क्षेत्रमा हिमपातपछि सोमबारको दृश्य। हिमपातका कारण मुस्ताङको उपल्लो क्षेत्रको जनजिवन कष्टकर बनेको छ । तस्बिर : सन्तोष गौतम/ रासस

# लोकसेवा र शिक्षक सेवाका कक्षा चलाउँदै पर्वतका पालिका

**पोखरापत्र संवाददाता**
पर्वत, २१ फागुन

युवायुवतीलाई निजामती सेवा र शिक्षक सेवा आयोगको रोजगारीतर्फ आकर्षित गराउने उद्देश्यले यहाँका विभिन्न स्थानीय तहले लोकसेवा आयोग र शिक्षक सेवा आयोगका कक्षा सञ्चालन गर्न थालेका छन् ।

ग्रामीण क्षेत्रमा रहेका पालिकामा कर्मचारी सरुवा भएर आउन नमान्ने र आइहाले पनि लामो समय नबस्ने समस्या भएपछि स्थानीय जनशक्ति नै तयार गर्ने उद्देश्य यस्ता कक्षा सञ्चालन गर्न लागिएको हो । जिल्लाका विहादी गाउँपालिका र महाशिला गाउँपालिकाले शिक्षक सेवा आयोग र लोक सेवा आयोगका कक्षा सञ्चालन गर्न थालेका हुन् । महाशिला गाउँपालिकाले यसअघि नै सूचना प्रकाशन गरी गत महिनादेखि कक्षा सञ्चालनमा ल्याएको छ भने विहादी गाउँपालिकाले हालै सूचना जारी गर्दै तयारी कक्षामा सहभागी हुने पालिकाभित्रका युवायुवती, विद्यार्थी तथा योग्यता पुगेका अन्य सर्वसाधारणलाई अनुरोध गरेको छ । महाशिलामा २५ जनाले नियमित तयारी कक्षा लिइरहेका छन् । सरकारी सेवा क्षेत्रमा विहादीभित्रका युवाको न्यून उपस्थितिलाई उच्च बनाउन, आर्थिकरुपले विपन्न तथा जेहेन्दार युवालाई शैक्षिक र रोजगार क्षेत्रमा सहजीकरण गर्ने उद्देश्यले निःशुल्क तयारी कक्षाको व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष प्रवीन गुरुङले जानकारी दिनुभयो । लोक सेवा आयोगले लिने नायब सुब्बा र खरिदारको तयारी कक्षा पालिकाले सञ्चालन गर्न लागेको हो । निजामती सेवा अप्राविधिकतर्फका नायब सुब्वा, खरिदार तथा संस्थान तर्फका प्रथम पत्रलाई सहयोग पुग्ने उद्देश्यका साथ निःशुल्क कक्षा शुरु गर्न लागेको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत हरिप्रसाद भुषालले जानकारी दिनुभयो । "गाउँपालिकाले तयारी कक्षा सञ्चालन गर्न लागेको छ, पहिला प्रस्ताव आह्वान गर्छौं, त्यसपछि कार्यविधि बनाएर युवाको मागबमोजिम लोकसेवा र शिक्षक सेवा आयोगको कक्षा सञ्चालन गर्ने तयारीमा छौं", उहाँले भन्नुभयो । सरकारी सेवामा प्रवेशका लागि सहयोगी बनाउन सकिनेछ भन्ने लागेर कक्षा सञ्चालन गरेको उहाँको भनाइ छ । उहाँका अनुसार गाउँपालिकाभित्र बसोबास गर्ने तथा निर्धारित योग्यता पुगेका इच्छुक व्याक्ति कक्षा लिन इच्छुक भएमा गाउँपालिकाको कार्यालयमा पुगेर निवेदन दिन सक्नेछन् । युवामा सकारात्मक भावनाको विकास गराइ कुशल नेतृत्व, सफल, मेहनती, प्रतिस्पर्धी र इमान्दार युवाकारुपमा स्थापित गराउन लोक सेवा तयारी कक्षा सञ्चालन गर्न थालिएको गाउँपालिकाका अध्यक्ष गुरुङले बताउनुभयो । लोकसेवा आयोगमा यस क्षेत्रका युवाको पहुँच र सहभागिता अझै पनि उल्लेख्यरुपमा हुन नसकेको भन्दै गाउँपालिकाले कक्षा सञ्चालन गर्न लागेको उहाँको भनाइ छ । "युवालाई स्वदेशमै बाँच्न सकिन्छ भन्ने मानसिकता बनाइ रोजगारी दिन सकेमा पालिकासँगै देश समृद्ध बन्न सक्छ, शिक्षित युवा बेरोजगार हुँदा विदेश पलायन दर दिनप्रतिदिन बढेको छ", उहाँले भन्नुभयो । कक्षामा सहभागीलाई जिल्लाभित्र एवं बाहिर रहेका निजामती सेवामा आबद्ध एवं अनुभवी प्रशिक्षकबाट प्रशिक्षण दिइने पनि पालिकाले जनाएको छ ।

# पत्रकार महिला सम्मान तामाङलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन

स्वतन्त्र पत्रकार संघ नेपालद्वारा पत्रकार महिलाको प्रोत्साहनका लागि सञ्चालित पत्रकार महिला सम्मान यस वर्ष कास्कीकी रजनी तामाङ स्याङ्बोलाई अर्पण गरिने भएको छ ।

पूर्व सम्मानित प्रतिभा शीला गुरुङको संयोजकत्वमा कृष्ण रानाभाट र कल्याण पन्त रहेको प्रतिभा छनौट समितिको सिफारिसलाई संघको बैठकले सर्वसम्मत अनुमोदन गरेको कास्की शाखा सचिव गंगासागर उपाध्यायले जानकारी दिए ।



उक्त सम्मानबाट यस अघि अग्रज पत्रकार दुर्गा अधिकारी (रेडियो सफलता), शीला गुरुङ (रेडियो नेपाल) रविना आले मगर (रेडियो तरङ्ग), शान्ति राणा (रेडियो नेपाल), ईश्वरी पौडेल (परिज्ञान साप्ताहिक), सीता दर्नाल (रुपन्देही), मनिता राई (सुनसरी), सविता तिवारी (गैडाकोट) सम्मानित भइसकेका छन् । तामाङ लाई १० हजार नगद, सम्मानपत्र र दोसल्लासहित सम्मान गरिने संघका कोषाध्यक्ष ओम उपाध्याय बताउँछन् । यो वर्ष सम्मानित हुने तामाङ माछापुच्छे गाउँपालिका-९ कास्कीका वासिन्दा हुन् । पिता जुतबहादुर र माता फिस्टी तामाङको कोखबाट जन्मेकी उनी लामो समयदेखि खोज मिडियामा संलग्न छन् । विभिन्न संस्थामा रहेर कार्य गरेको अनुभवसमेत रहेकी तामाङ भिडियोग्राफी, फोटोग्राफी र समाचारवाचनतर्फकी कुशल प्रस्तोता हुन् । उनीसँग विभिन्न सामाजिक संघसंस्थामा संलग्न रहेर कार्यसम्पादन गरेको अनुभवसमेत छ । तामाङलाई यही फाल्गुन २४ गते कास्की शाखाको वार्षिक साधारण सभा तथा अधिवेशन समारोह बीच सम्मान अर्पण गरिने शाखा अध्यक्ष असफल गौतमले जानकारी दिए ।

# प्रहरीमा उजुरी र गुनासो गर्न क्युआर कोड प्रयोगमा

**पोखरापत्र संवाददाता**
गोरखा, २१ फागुन

जिल्ला प्रहरी कार्यालयले प्रहरीलाई उजुरी गर्न तथा गुनासो र सुझाव दिनका लागि क्युआर कोड प्रयोगमा ल्याएको छ । कार्यालयले प्रवाह गर्ने सेवा प्रवाहलाई छिटोछरितो, पारदर्शी र जवाफदेही बनाउन क्युआर कोड प्रयोगमा ल्याइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक शेखर खड्काले जानकारी दिनुभयो ।

"अबदेखि प्रहरी कार्यालयमा उजुरीका लागि सेवाग्राहीले क्युआर कोड पनि प्रयोग गर्न सक्छन्", उहाँले भन्नुभयो, "त्यसबाहेक प्रहरी कार्यालयमा गुनासो तथा सुझाव दिन चाहेमा पनि सेवाग्राहीले क्युआर कोडको प्रयोग गर्नसक्ने व्यवस्था कार्यालयले गरेको छ ।" कार्यालयले बिहीबारदेखि क्युआर कोड प्रयोगमा ल्याएको हो । प्रहरी कार्यालयमार्फत प्रदान गरिने सेवालाई प्रविधियुक्त बनाउँदै लैजाने उद्देश्यका साथ क्युआर कोड सेवा सुरु गरिएको सूचना अधिकारी खड्काको भनाइ छ । "क्युआर कोडको प्रयोगले प्रहरीको सेवालाई छिटोछरितो गर्न पनि सहज हुनेछ", उहाँले भन्नुभयो, "सेवा प्रवाहको व्यवस्थापन, जवाफदेही, पारदर्शी बनाई नागरिक सु-सम्बन्ध एवं सुशासन कायम गर्न यसले थप सहयोग पुग्नेछ ।"

सेवाग्राहीलाई क्युआर कोड प्रयोग गर्न कार्यालय आउँदा सहजै देखिनसक्ने ठाउँमा क्युआर कोड टाँसिएको उहाँले बताउनुभयो । नागरिकसँग प्रहरीको सहज पहुँच विस्तारका लागि प्रविधिको प्रयोगले सहयोग पुग्ने प्रहरीले जनाएको छ ।

# गण्डकीमा आम सञ्चार विधेयक पारित

**पोखरापत्र संवाददाता**
पोखरा, २१ फागुन

गण्डकी प्रदेशमा आम सञ्चार विधेयक बल्ल पारित भएको छ । गण्डकी प्रदेश सभामा प्रस्तुत भएको 'गण्डकी प्रदेशमा आम सञ्चार सम्बन्धमा ब्यबस्था गर्न बनेको विधेयक' सोमबार बल्ल पारित भएको हो ।

यसअघि यो विधेयक पटक/पटक दर्ता भएरपनि पारित हुन सकेको थिएन । तीन वर्षअघि संस्थापक मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङको पालामा पहिलो पटक प्रदेश सभामा यो विधेयक दर्ता भएको थियो । तर पत्रकारलाई कारवाही गर्ने अधिकार कर्मचारीलाई दिइएको तथा स्वतन्त्र पत्रकारितामाथि अंकुश लगाउन खोजिएको भन्दै विरोध भएपछि त्यसबेला स्थगित गरिएको थियो । पछि कृष्णचन्द्र नेपाली पोखरेल मुख्यमन्त्री भएका बेला सो विधेयकलाई अगाडि बढाइएको थियो । तर पत्रकार सम्बद्ध संघसंस्थाले विधेयक पुर्नलेखन गर्न माग गर्दै विरोध जनाएपछि विधेयक विधायन समितिमा विचाराधिन राखिएको थियो । विधायन समितिमा छलफलपछि परिमार्जन गरेर प्रदेश सभामा पेश गर्ने भनिएपनि पछि त्यत्तिकै थाती राखिएको थियो ।

तर सुरेन्द्रराज पाण्डे मुख्यमन्त्री बनेपछि सो विधेयक प्रदेश सभामा दर्ता गरिएको थियो । यस बिचमा पटक/पटक विधेयक अगाडि बढाउने भनिएपनि अन्तिम समयमा रोकिदै आएको विधेयक सोमबार भने गण्डकी प्रदेशमा प्रस्तुत भयो । आन्तरिक मामिला मन्त्रालयसमेत सम्हालेका गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विधेयक सोमबार निर्णायार्थ प्रस्तुत गरेका थिए । उनले राखेको प्रस्तावको विपक्षमा कसैलेपनि मत जाहेर नगरेपछि विधेयक सर्वसम्मत पारित भएको सभामुख कृष्णचन्द्र धितालले घोषणा गरे ।

गण्डकी प्रदेश सभामा गत भदौ २१ गते दोश्रो पटक आम सञ्चार विधेयक टेबल भएको थियो । गत असोज ११ गते दफावार छलफलका लागि प्रदेश मामिला तथा कानून समितिमा पठाइएको थियो । सो समितिमा छलफल भई पारित भएपछि फागुन १६ गते प्रदेश सभामा फिर्ता भएको गण्डकी प्रदेश सचिवालयले जनाएको छ ।

आम सञ्चार विधेयक पारित हुनुअघि सोमबार विधेयकमाथि दफावार छलफल भएको थियो । छलफलमा भाग लिदै प्रदेश सभा मामिला तथा कानूनमन्त्री विन्दुकुमार थापाले आम सञ्चार माध्यमलाई स्वतन्त्र, मर्यादित र जिम्मेवार बनाई बिचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सञ्चारको हक थप प्रभावकारी बनाउन विधेयक कामयावी बन्ने विश्वास व्यक्त गरे । तर निर्देशिका बनाई चलचित्रलाईसमेत यहि विधेयकले सम्बोधन गर्ने व्यवस्था गर्नुपर्ने उनको भनाई थियो ।

प्रदेश सभा सदस्य पद्मा जिसीले सरकार फेरबदल हुँदापनि प्रेस रजिस्टार रहिरहने प्रावधानले यसको गरिमा उचो बनाएको बताईन् ।

अर्का प्रदेश सभा सदस्य फडिन्द्र देवकोटाले आम सञ्चार पत्रकारको हक, हित र अधिकारका विषयमात्र नभई आम नागरिकको हक, अधिकारको विषय भएकाले यसलाई व्यवस्थित गर्नका लागि विधेयक आउनु सकारात्मक भएको बताए । उनले विकृतितर्फ उन्मुख सञ्चारमाध्यम र पत्रकारितालाई ट्र्याकमा ल्याउन विधेयक कोशेढुंगा सावित हुने विश्वास व्यक्त गरे ।

छलफलमा उठेका विषयमा जवाफ दिदै मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विधेयकले आम सञ्चार माध्यमसँगै पत्रकारितालाई सहजीकरण र सरलीकरण गर्ने बताए । साथै उनले आम सञ्चार माध्यममा नियन्त्रण नभई नियमन जरुरी रहेको बताए । अब नियमावली बनाएर आम सञ्चार माध्यमलाई नियमन गरिन्छ,उनले भने,'गण्डकी प्रदेशमा सञ्चालित हुने आम सञ्चार माध्यम स्वतन्त्र, मर्यादित र जिम्मेवार बन्छन् र त्यसका लागि विधेयक कोशेढुंगा सावित हुनेछ भन्ने मेरो विश्वास हो ।' विधेयक पारित भएसँगै अब आम सञ्चारमाध्यम यहिं दर्ता र नवीकरण हुनेछन् । आमसञ्चार माध्यमको व्यवस्थापन सम्बन्धी कार्य गर्न मन्त्रालयले प्रेस रजिस्ट्रारको कार्यालय स्थापना गर्नुका साथै सो कार्यालय हेर्न प्रेस रजिस्टार नियुक्त गर्ने प्रावधान छ । प्रेस रजिस्टार हुन ३५ वर्षको उमेर पार गर्नुका साथै स्नातकोत्तर उत्तिर्ण, नेपाल सरकार वा प्रदेश सरकारबाट जारी भएको प्रेस प्रतिनिधि प्रमाण पत्र प्राप्त गरी कम्तिमा १५ वर्ष पत्रकारिता गरेको हुनुपर्ने प्रावधान राखिएको छ ।


## एउटै व्यक्ति भएको सूचना



बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. ११ साविक रिघा गा.वि.स. वडा नं. ४ निवासी भारतीय भू.पू.सै.नं. ४३४७२२१P टि.एस. १५८००३, पि.पि.ओ.नं. S/O ५८१६६/९७ हनेरी नायव सुवेदार लाल बहादुर थापाको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर लाल बहादुर वि.क. थापा भन्ने लाल बहादुर थापा, जन्ममिति वि.सं. २०१०।०१।०४ र भारतीय पेन्सन डकुमेन्टमा नामथर लाल बहादुर थापा, जन्ममिति इ.सं. १९५४।०५।०४ भएको साथै निजको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर नन्दकली वि.क. थापा, जन्ममिति वि.सं. २००७।०९।१६ भएको र पतिको भारतीय पेन्सन डकुमेन्टमा नामथर नानाकली जन्ममिति इ.सं. १९५५।०५।०४ भई नामथर र जन्ममिति फरक फरक भएता पनि व्यक्ति एउटै भएको भनी गलकोट नगरपालिका ११ नं. वडा कार्यालय, बागलुङको च.नं. २०९ मिति २०८०।०६।०५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ जानकारीका लागि अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**



## अनलाइन पत्रिका बन्द हुने सूचना

सूचना प्रकाशित मिति २०८०/११/२२

यस atozpatrika.com नामक अनलाइन पत्रिका पछि कुनै दायित्व बाँकी नरहने गरी बन्द गर्न लगाएको हुँदा तत् सम्बन्धमा केही सकैको केही लेनदेन बाँकी बक्यौता भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाव मिलान गर्नहुन अनुरोध गर्दछौं ।

प्रकाशकः
www.atozpatrika.com
पोखरा २२, कास्की